नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## अस्पतालका क्यान्टिनहरू निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/११/०४ गते उजुरी गुनासो सम्बोधन गर्ने क्रममा तपसिलको पानी उद्योगको खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निरीक्षण अनुगमन साथै कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | उजुरीको विवरण | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|---|
| १. | डाँफे शुद्ध जल, गोदावरी न.पा.-०४ ललितपुर | • फोहोर जारमा पानी विक्री वितरण गरेको | • उद्योगमा रहेका जारमा फोहोर भएको नपाइएको<br>• पुराना कुच्चिएका र थोत्रा ६ वटा पानी भर्न प्रयोग गरिरहेको जार पाइएको<br>• प्रशोधित पिउँने पानी उत्पादन मापदण्ड सम्बन्धी निर्देशिका, २०७४ बमोजिम राखुपर्ने अभिलेख जस्तै CIP रेकर्ड र तालिका, SOP, आदि अभिलेखमा नभएको<br>• कामदारले काम गर्दा व्यक्तिगत सरसफाइको पालना नगरेको, हेयर नेट, ग्लोब्स, ज्वेलरी, नेल पोलिस, चुरा, आदि लगाएको पाइएको। | • प्रशोधित पिउँने पानी उत्पादन सम्बन्धी निर्देशिका, २०७४ तथा प्याक गरीएको पिउँने पानीको मापदण्ड (नेपाल राजपत्र भाग ५, खण्ड ६८, संख्या २) मा व्यवस्था भए बमोजिम उत्पादन गर्ने<br>• कामदारको व्यक्तिगत सरसफाइमा ध्यान दिने<br>• जारको सफाइमा विशेष ध्यान दिई जारको पानीको स्वच्छता तथा गुणस्तर कायम गर्ने<br>• छ वटा पुराना, कुच्चिएका, थोत्रा र राम्ररी सफा नहुने जार नष्ट गरेको र त्यस्ता किसिमका जार प्रयोग नगर्ने निर्देशन दिएको<br>• प्रयोगशाला परिक्षणका लागि जारको पानीको नमुना संकलन गरिएको। |

डा. बाल कुमारी शर्मा

प्रवक्ता

२०८२/११/०८

<u>अनुगमनका केही झलकहरू</u>








